का.जि.प्र.का.द.नं. १००/०५२/६०
२ मंसिर २०८३
बुधबार
18 November 2026
Wednesday
नेपाल संवत् ११४७
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २८७। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



इनम प्रकरण

बेनको अनधिकृत चलखेल



अभियुक्तको प्रमाण भेटिने वा नष्ट हुन सक्ने सामान, अनुसन्धानमा रहेका सूचना र समग्री चुहावट गर्नु अर्को गम्भीर अपराध हो, त्यस्ता प्रहरीमाथि नै कारबाही हुने व्यवस्था छ।

■ **टेकप्रसाद राई**, पूर्वएआइजी



प्रधानमन्त्रीमातहतका निकाय अथवा व्यक्तिहरूका सन्दर्भमा प्रश्न उठेपछि त्यसको जवाफ प्रधानमन्त्रीले दिने हो। उहाँले जवाफ दिनुहुन्छ भन्नेमा पार्टीले विश्वास राखेको छ।

■ **जगदीश खरेल**, प्रवक्ता, रास्वपा

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १ मंसिर

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँग जोडिएर आएका 'बिचौलिया' इनम सापकोटासँगको कनेक्सन प्रहरीदेखि प्रधानमन्त्री कार्यालयसम्म पुगेको छ। गम्भीर अपराध अनुसन्धानमा रहेका सापकोटाको मोबाइल प्रधानमन्त्रीका मुख्य सल्लाहकार कुमार व्यञ्जनकार (बेन)को ज्वागलस्थित घरमा रहेको फरेन्सिक रिपोर्टले देखाएपछि प्रधानमन्त्रीको कार्यालयदेखि प्रहरी प्रधान कार्यालयसमेत तरंगित छ।

बिचौलिया सापकोटासँग भएको कुराकानी मेटाउने प्रयोजनका लागि प्रधानमन्त्रीको सचिवालयले प्रहरीसँग मोबाइल लिएको भिडियोसमेत सार्वजनिक भएको छ। सर्वोच्चमा रहेका ठुला मुद्दा मिलाउन पूर्वप्रधानन्यायाधीशदेखि वहालवाल न्यायाधीशसम्मको सेटिङमा काम गर्दै आएका सापकोटा गत असोज ११ गते पक्राउ परेका थिए। गम्भीर अपराधको अनुसन्धानका लागि

> गम्भीर अपराध अनुसन्धानका लागि नियन्त्रणमा लिइएका इनम सापकोटाको मोबाइल प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेनको घरमा कसरी पुग्यो ? यसलाई अनुसन्धानको गोपनीयता र प्रमाण सुरक्षामाथिको गम्भीर हस्तक्षेप मानिएको छ।

हिरासतमा राखिएका सापकोटाको मोबाइल प्रहरीले लिएको थियो। तर उक्त मोबाइल किन र कसरी बेनसँग पुग्यो भन्ने विषयले यतिबेला सत्ताको केन्द्रमै तरंग पैदा भएको छ। यो घटनालाई अपराध अनुसन्धानको इतिहासमै नभएको घटनाका रूपमा लिएको नेपाल प्रहरीका पूर्वअनुसन्धान अधिकृतहरू बताउँछन्।

अनुसन्धानका क्रममा प्रहरी नियन्त्रणमा रहेका अभियुक्त वा आरोपीले प्रयोग गरेका र प्रमाण देखिन सक्ने मोबाइल, ल्यापटप, पर्सलगायत वस्तुहरू अत्यन्तै सुरक्षित र गोप्य राखेर आवश्यकताअनुसार त्यसको प्राविधिक परीक्षण गराउनु प्रहरीको दायित्व >>> पृष्ठ २ मा

पूर्वआइजिपी कार्कीसमेत मुछिए



सापकोटाको मोबाइलबाट तत्कालीन प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीले समेत बेन र आफूसँग सम्बन्धित संवादका प्रमाण नष्ट गरेको आरोप छ। आइजिपी कार्कीलाई पदबाट हटाउनुको कारणमध्ये इनम सापकोटा मोबाइल प्रकरण पनि एउटा मुख्य कारण रहेको प्रहरी अधिकारीहरूको दाबी छ।

विशेष प्राविधिक प्रमाणअनुसार, तत्कालीन महानिरीक्षक कार्कीले आफ्नो मोबाइल नम्बर (९८५१२९०१७५) र इनमको अन्तर्राष्ट्रिय नम्बर (६५८२२८३५८७) बीच ह्वाट्सएपमा भएका सम्पूर्ण कुराकानी डिलिट भएको समेत पत्ता लागेको छ। यद्यपि यसको आधिकारिक तथ्य तथ्यांक भने सार्वजनिक गरिएको छैन। पूर्वप्रधानन्यायाधीश जबरालाई नियन्त्रणमा लिएर अनुसन्धान गर्ने >>> पृष्ठ २ मा



एनपिएल
लुम्बिनी फाइनलमा

डिकवेलाको अविजित ५९ रनको मद्दतमा साबिक विजेता लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्सलाई पहिलो क्वालिफायरमा ६ विकेटले हराएको छ। १०६ रनको लक्ष्य लुम्बिनीले २० बल बाँकी छँदै पूरा गर्दै लगातार दोस्रो पटक एनपीएलको फाइनलमा स्थान बनायो।

विस्तृत समाचार पृष्ठ ७ मा

गालीको 'एल्गोरिदम'

सामाजिक सञ्जालमा विचारमाथि बहस हुनुपर्नेमा व्यक्ति र चरित्रमाथि आक्रमण बढ्दै गएको छ। सांसददेखि सामान्य नागरिकसम्म अश्लील टिप्पणी, धम्की र डिजिटल हिंसाको सिकार भइरहेका छन्। प्रहरीका तथ्यांकले यस्तो प्रवृत्ति गम्भीर बन्दै गएको देखाउँछन्।



सामान्य वर्गदेखि सामाजिक अभियन्ता, राजनीतिकर्मी सबै क्षेत्रका महिलाहरू गाली-बेइज्जतीका उजरी लिएर ब्युरोमा आउने गर्नुहुन्छ, पछिल्लो समय प्रतिष्ठित व्यक्तिहरू पनि उजुरी लिएर आउने क्रम बढ्दो छ।

● **दीपकराज अवस्थी**
साइबर ब्युरो प्रवक्ता





व्यक्तिगत जीवनको तनाव र कुण्ठा पोख्ने माध्यमका रूपमा सामाजिक सञ्जाल प्रयोग भइरहेको छ। प्रत्यक्ष आँखा जुधाएर बोल्नु नपर्ने भएकाले मानिसमा डर र लाज हराउँछ।

● **डा. पशुपति महत**
वरिष्ठ चिकित्सा मनोविद्



मेरो विचारको आलोचना गर्न सकिन्छ, असहमति राख्न सकिन्छ, तर व्यक्तिगत घृणा फैलाउने, अश्लीलता गर्ने र धम्की दिने अभिव्यक्तिप्रति मेरो शून्य सहनशीलता छ।

● **खुस्बु ओली**
सांसद

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १ मंसिर

'करिब ६०-६१ वर्षको व्यक्तिले पठाएको सन्देश मसँग छ। त्यो सन्देश उहाँकै श्रीमती र छोराछोरीको अगाडि पढ्नुस्, म मुद्दा चलाउँदिनँ।'

राप्रपाकी सांसद खुस्बु ओलीले सामाजिक सञ्जालमा आफूलाई अश्लील सन्देश पठाउने एक व्यक्तिलाई दिएको जवाफ हो यो। ती व्यक्तिले आफ्नै परिवारका अगाडि सन्देश पढ्न नसक्ने बताएपछि आफूले कानुनी प्रक्रिया अघि बढाएको ओली बताउँछिन्। उनका अनुसार सामाजिक सञ्जालमा अश्लील सन्देश पठाउने र धम्की दिने व्यक्तिविरुद्ध उनले साइबर ब्युरोमा करिब ५० वटा उजुरी दिइसकेकी छन्।

ओलीले आफू आलोचना र असहमतिलाई सकारात्मक रूपमा लिने, तर व्यक्तिगत घृणा, अश्लीलता र धम्कीलाई स्वीकार नगर्ने बताएकी छन्। नेपाललाई सनातन राज्य बनाउनुपर्ने धारणा संसदमा राखेपछि आफूविरुद्ध सामाजिक सञ्जालमा अपमानजनक टिप्पणी र धम्की आउन थालेको उनको भनाइ छ। प्रतिनिधिसभाको बैठकमै उनले आफूलाई ज्यान मार्ने, बलात्कार गर्ने र भौतिक आक्रमण गर्ने धम्की आएको विषय सार्वजनिक गरेकी थिइन्।

'मेरो विचारको आलोचना गर्न सकिन्छ, असहमति राख्न सकिन्छ। तर व्यक्तिगत घृणा फैलाउने, अश्लीलता गर्ने र धम्की दिने अभिव्यक्तिप्रति मेरो शून्य सहनशीलता छ,' उनले भनेकी छन्।

सामाजिक सञ्जालमा अपमान र धम्कीको सामना गर्ने ओली एक्ली पात्र होइनन्। भोटेकोसी बाढीमा बेपत्ता आफन्त खोजिरहेका परिवारले सहयोगको अपिल गर्दा होस् वा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पक्राउलाई गैरकानुनी भन्दै धारणा राखेकी अमीशा पराजुलीमाथि, सामाजिक सञ्जालमा अश्लील र संवेदनहीन टिप्पणी भएका घटना सार्वजनिक भएका छन्। पराजुलीमाथि अश्लील गाली र बलात्कारको धम्की दिइएको थियो भने कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग गरेर बनाइएका अपमानजनक तस्बिरसमेत फैलाइएको थियो। उनीहरूले यसविरुद्ध साइबर ब्युरोमा उजुरी दिएका थिए।

व्यवसायी दुर्गा प्रसाईंले सामाजिक सञ्जालमा सांसद रचना खतिवडा र जेनजी आन्दोलनका सहिद उनका छोराबारे अपमानजनक टिप्पणी गरेपछि पनि विवाद चर्किएको >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

अलपत्र श्रमिकको उद्धार र मृतकको शव व्यवस्थापनबारे सांसदहरूको चासो

मध्यान्ह संवाददाता
काठमाडौं, १ मंसिर

सांसदहरूले वैदेशिक रोजगारीका क्रममा अलपत्र वा मृतकको शव स्वदेश ल्याउने प्रक्रियालाई सरल बनाउनुपर्नेमा जोड दिएका छन्। प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक मामिला समितिमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक २०८३ माथिको छलफलमा मंगलबार उनीहरूले यस्तो धारणा राखेका हुन्।

वैदेशिक रोजगारीका नाममा आकर्षक तलब तथा सुविधाको प्रलोभनमा पारेर अवैधानिक रूपमा विदेश पुऱ्याउने, कतिपय बेचबिखन तथा शोषणमा पर्ने गरेको, तर उनीहरूको उद्धारमा झन्झटिलो प्रक्रिया पूरा गर्नुपर्ने अवस्था रहेको सांसदहरूले बताए। त्यस्तै, मृत्यु भएकाहरूको शव नेपाल ल्याउन महिनौं समय लाग्ने गरेको भन्दै सांसदहरूले त्यसमा कानुनी सुधारको खाँचो औंल्याए।

श्रम स्वीकृति नलिई अवैध बाटो वा भिजिट भिसा प्रयोग गरी गएका श्रमिकको मृत्यु भएमा श्रमिकको शव ल्याउन परिवारले लाखौं रुपैयाँ जुटाउनुपर्छ। त्यसमा वैदेशिक रोजगार बोर्डले सहयोग गर्दैन। कतिपय अवस्थामा शव ल्याउन श्रमिकहरूका बीचमा चन्दा संकलन गर्नुपर्ने बाध्यता छ। >>> पृष्ठ २ मा

गैरआवासीय नेपाली संघको ९औं मध्यपूर्व क्षेत्रीय सम्मेलनको तयारी तीव्र

काठमाडौं/मस- गैरआवासीय नेपाली संघको ९औं मध्यपूर्व क्षेत्रीय सम्मेलन भव्य रूपमा सम्पन्न गर्न आयोजक समिति सक्रियतासाथ जुटेको छ। आगामी डिसेम्बर ११ र १२, २०२६ मा कतारको दोहामा सम्मेलन आयोजना हुन गइरहेको छ।



प्रमुख अतिथि तथा विशेष अतिथिका रूपमा >>> पृष्ठ २ मा

महिला कर्मचारी आवश्यकता
एक प्रतिष्ठित वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने इजाजत प्राप्त कम्पनीको लागि निम्न महिला कर्मचारी आवश्यक भएकोले ईच्छुक उम्मेदवारले आफ्नो योग्यताको प्रमाणपत्र सहित यथासिघ्र सम्पर्क गर्नुहोला।
Social Media Influencer
Requirements :
◆ Good Communication Skills.
◆ Creative and confident.
◆ Knowledge of Video editing.
तलब आपसी समझदारीमा
COSMOS NEPAL HUMAN RESOURCE (P) LTD.
Lazimpat, Kathmandu, Tel.: 9802099984
9801199984 Email: info@cosmosnepalhr.com
श्रम इजाजत नं.: ७३३/०६८/०६५

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

कांग्रेस संस्थापनइतर समूहले तोक्यो सातै प्रदेशको समानान्तर अधिवेशन मिति

काठमाडौं/मस– नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले सातै प्रदेशमा समानान्तर अधिवेशन गर्ने मिति तय गरेको छ ।

समूहको चुनदेवीस्थित सम्पर्क कार्यालयले सातै प्रदेशका अधिवेशनको मिति र स्थान तय भएको जानकारी दिएको हो । सबै प्रदेशका अधिवेशनमा पूर्वसभापति देउवा प्रमुख अतिथि रहनेसमेत निश्चित भएको समूहले जनाएको छ ।

सम्पर्क कार्यालयका मुख्यसचिव दीपक कुइकेलका अनुसार सबैभन्दा पहिले गण्डकी प्रदेशको अधिवेशन हुनेछ भने सबैभन्दा अन्तिममा कोसी प्रदेशको अधिवेशन हुनेछ ।

निर्धारित कार्यतालिकाअनुसार गण्डकी प्रदेशको अधिवेशन मंसिर ५ गते पोखरामा हुनेछ । त्यस्तै, लुम्बिनी प्रदेशको अधिवेशन मंसिर ७ गते बुटवल वा दाङमध्ये एक स्थानमा आयोजना गरिनेछ ।



यसैगरी कर्णाली प्रदेशको अधिवेशन मंसिर १३ गते सुर्खेतमा, मधेस प्रदेशको मंसिर १४ गते जनकपुरमा र सुदूरपश्चिम प्रदेशको मंसिर १५ गते धनगढीमा हुनेछ । कोसी प्रदेशको अधिवेशन भने मंसिर १७ गते विराटनगरमा आयोजना हुने मुख्यसचिव कुइकेलले जानकारी दिए ।

समूहले आगामी मंसिर २१ देखि २३ गतेसम्म समानान्तर महाधिवेशन गर्ने मिति यसअघि नै तय गरिसकेको छ । त्यसका लागि अहिले विभिन्न जिल्लामा जिल्ला अधिवेशनहरू भइरहेका छन् । देउवा समूहले गत असोज १५ गतेदेखि अधिवेशन प्रक्रिया सुरु गरेको थियो ।

मासु जाँच ऐन कार्यान्वयनमा

काठमाडौं/मस- उपत्यकाका तीन जिल्लाले 'पशु बधशाला तथा मासु जाँच ऐन, २०५५' कार्यान्वयनमा ल्याएका छन् ।

काठमाडौं, ललितपुर र भक्तपुरका तीन जिल्लाले मंगलबारदेखि उक्त ऐन कार्यान्वयनमा ल्याएको कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ ।

उक्त कानुन जारी भएको २८ वर्षपछि कार्यान्वयनमा आएको हो । काठमाडौं, भक्तपुर र ललितपुरका २१ स्थानीय तहबाट उक्त ऐन कार्यान्वयन गरिएको मन्त्रालयका सहप्रवक्ता एवं वरिष्ठ कृषि अर्थविज्ञ डा लालकुमार श्रेष्ठले जानकारी दिए ।





योसँगै अव्यवस्थित ठाउँमा पशु बध गरेर उपभोक्तासम्म अस्वस्थ मासु पुग्ने क्रम रोकिने विश्वास गरिएको छ । सरकारले गत भदौ १ गते नै राजपत्रमा सूचना प्रकाशन गरी देशभर तीन चरणमा ऐन लागू गर्ने कार्यतालिका सार्वजनिक गरेको थियो । त्यसैअनुसार पहिलो चरणमा आजदेखि ऐन कार्यान्वयनमा आएको हो ।

पहिलो चरणमा काठमाडौं उपत्यकाका तीन जिल्लाका २१ स्थानीय तहमा यो ऐन लागू भएको छ । ऐन कार्यान्वयन भएसँगै जथाभावी पशु बध गर्न र मासु बेच्न नपाइने भएको छ ।

कर्मचारी गिरीविरुद्ध आरोपपत्र दायर

काठमाडौं/मस-अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको फेटा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक पदमा कार्यरत कर्मचारी ओमप्रकाश गिरीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्दै विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

कर्मचारी गिरीको प्रमाणपत्र तह र स्नातक तहको शैक्षिक योग्यताका प्रमाणपत्र नक्कली रहेको बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजको शैक्षिक योग्यता नक्कली फेला परेपछि विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए । कर्मचारी गिरीले फेटा गाउँपालिकामा २०७८ जेठ १ गतेदेखि नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत सरहको रोजगार संयोजक पदमा नियुक्ति पाएका थिए ।



प्रवक्ता न्यौपानेका अनुसार कर्मचारी गिरीले सो नियुक्ति लिँदा पेस गरेको तीन वर्षे बिएड तहको लब्धाङ्कपत्र त्रिभुवन विश्वविद्यालयबाट प्रमाणीकरण भई आउँदा निजको नभई अन्य व्यक्तिको भएको भनी खुल्न आएकाले शैक्षिक योग्यता ढाँटी/झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी राष्ट्रसेवकको पद र ओहदा प्राप्त गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन माग दावीसहित आरोपपत्र दायर गरिएको हो ।

चर्को आवाज निकाल्ने र स्वरूप परिवर्तन गरिएका ४०५ मोटरसाइकल नियन्त्रणमा

काठमाडौं/मस– चर्को आवाज निकाल्ने तथा स्वरूप परिवर्तन गरी सञ्चालन गरिएका मोटरसाइकलविरुद्ध काठमाडौं उपत्यका ट्राफिक प्रहरीले कारबाही अभियान तीव्र बनाएको छ । पछिल्लो एक सातामा मात्रै प्रहरीले ४०५ वटा मोटरसाइकल नियन्त्रणमा लिएर आवश्यक कारबाही प्रक्रिया अघि बढाएको छ ।

मोटरसाइकलमा कम्पनीले जडान गरेको साइलेन्सर परिवर्तन गर्ने, डिबी किलर निकालेर ठूलो आवाज निकाल्ने तथा सिट, रड, ह्यान्डल र लाइटिङ सिस्टम परिवर्तन गरी चलाउने गरेको पाइएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) नरेशराज सुवेदीले जानकारी दिए ।



उनका अनुसार चर्को आवाजमा मोटरसाइकल चलाउँदा विशेषगरी वृद्धवृद्धा, बालबालिका तथा बिरामीलाई प्रत्यक्ष असर पर्ने गरेको छ । यसले विद्यार्थीको पढाइमा बाधा पुऱ्याउनुका साथै शान्त वातावरणमा समेत असर गर्ने गरेको छ ।

त्यस्तै, सवारीसाधनको स्वरूप परिवर्तन गर्दा यसको यान्त्रिक संरचनामा समेत असर पर्ने र दुर्घटनाको जोखिम बढ्ने प्रहरीको भनाइ छ । यसले चालक स्वयंका साथै सडकमा हिँड्ने अन्य सर्वसाधारणलाई समेत जोखिममा पार्ने भएकाले अभियान सञ्चालन गरिएको सुवेदीले बताए ।

उनका अनुसार नागरिकबाट प्राप्त गुनासोलाई सम्बोधन गर्दै ध्वनि प्रदूषण नियन्त्रण र सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले अभियान सुरु गरिएको हो । यसका लागि ट्राफिक प्रहरीले विभिन्न सडकमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै कारबाहीलाई पनि तीव्रता दिएको छ ।

बेनको...

हुने नेपाल प्रहरीका पूर्वएआइजी टेकप्रसाद राईले बताए । 'अभियुक्तले प्रयोग गरेका, प्रमाण मेटिन वा नष्ट गर्न सक्ने सामान प्रहरीले कसैलाई दिनै हुँदैन,' उनले मध्यान्हसँग भने, 'अनुसन्धानमा रहेका सूचना र सामग्री चुहावट गर्नु अर्को गम्भीर अपराध हो, त्यस्ता प्रहरीमाथि नै कारबाही हुने व्यवस्था छ ।' तर अहिले कुमार बेनसँग जोडिएर आएको इनमको मोबाइल प्रहरीले दिएको हो कि होइन र बेनसँग रहेको कुराको आधिकारिकतामा अझै पक्का भइनसकेको उनको भनाइ छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ९३ अनुसार यसरी आपराधिक अनुसन्धानको प्रमाण मेटाउनु वा अनुसन्धानका क्रममा चुहावट गर्नु गम्भीर फौजदारी कसुर मानिनेछ । अनुसन्धान प्रभावित पार्नेगरी प्रमाण नष्ट गरेको प्रमाणित भएमा ३ वर्षसम्मको कैद सजाय हुने स्पष्ट कानुनी व्यवस्था छ ।

सापकोटाको कनेक्सन पत्ता लगाउन फरेन्सिक परीक्षण गर्नुपर्ने मोबाइल प्रहरीले प्रधानमन्त्रीका सल्लाहकार बेनलाई किन दिए ? वा उनले कसरी त्यो मोबाइल पाए भन्ने प्रश्नको घेरामा अहिले प्रहरीसमेत परेको छ । तर प्रधानमन्त्री कार्यालयको निर्देशनमा सचिवालयले मोबाइल ल्याएर प्रहरी संगठनलाई नै बदनाम गर्न खोजिएको एकाथरीले टिप्पणी गरेका छन् । थुनामा रहेका इनमको मोबाइल प्रहरी कार्यालयबाट कुमार बेनको घरमा पुगेको घटनाले बिचौलियासँगको साँठगाँठ प्रहरीदेखि प्रधानमन्त्री कार्यालयसम्मा रहेको पुष्टि हुने नेपाली कांग्रेसका सहमहामन्त्री योगेन्द्र चौधरीले आरोप लगाए । 'थुनामा रहेका इनमको मोबाइल प्रहरी कार्यालयबाट कुमार बेनको घरमा कसरी र कसको आदेशमा पुऱ्याइयो ?' चौधरीले प्रश्न गरे । यो विषयलाई आफूहरूले गम्भीर रूपमा लिएको भन्दै प्रधानमन्त्रीकै निर्देशनमा उक्त कार्य भएको भन्ने आशंका व्यक्त गरे । 'उक्त मोबाइल प्रधानमन्त्रीको आदेशमा प्रहरीले ज्वागल लगेको हो भन्ने हाम्रो आशंका छ,' उनले यसअघि भने, 'हिरासतमा रहेका अभियुक्तले बोकेको मोबाइल फरेन्सिक परीक्षण नगरी प्रधानमन्त्रीका सल्लाहकारले जफत गरेर उनीसँग भएका प्रमाण नष्ट गर्न कुन कानुनले दिन्छ ? यदि त्यस्तो हो भने कानुन संशोधन गरेर यो व्यवस्था ल्याउन प्रधानमन्त्रीलाई चुनौती दिन्छु ।'

इनमले सेटिङ र बिचौलियाको काम नेपालमा गर्ने र त्यसको आर्थिक लेनदेन दुबई, अमेरिका र सिंगापुरलगायत देशमा गर्ने गरेको पाइएको छ । सिंगापुरमा उनले प्रयोग गर्ने नम्बर र त्यहाँ रहेको उनको कम्पनी, साथै दुबईमा रहेको अपार्टमेन्टले उनी अन्तर्राष्ट्रिय स्तरकै हुन्डी र अवैध आर्थिक कारोबारमा संलग्न रहेको देखाएको अनुसन्धान अधिकृतहरूको दाबी छ । कारागारमा रहेका दीपक भट्टलाई छुटाउने योजनादेखि नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका व्यक्तिहरूसँग समेत उनको सम्बन्ध रहेको देखिएको छ ।

इनमसँग जोडिएर आएका प्रधानमन्त्रीका सल्लाहकार बेनसहित उनीसँग सम्बन्ध रहेका प्रधानमन्त्री कार्यालयका सरकारी मामिला तथा योजना समन्वय संयोजक विशाल अधिकारी, गृहमन्त्रीका स्वकीय सचिव जेम्स कार्की र प्रधानमन्त्रीका सूचना प्रविधि परामर्शदाता बताइने चिराग श्रेष्ठमाथि कारबाही हुनुपर्ने चौतर्फी माग बढेको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ८९, ९२ र ९३ तथा विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४५, ४६ र ४८ लगायतका कानुन आकर्षित हुने भएकाले उनीहरूमाथि सोहीअनुसार अनुसन्धान हुनुपर्ने माग जेनजी अभियन्ता अजय सोडारीले गरे ।

तर सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेताहरूले यस विषयमा प्रस्ट जवाफ दिन सकेको छैन । बिचौलिया सापकोटाको मोबाइल जफत गरेर प्रमाण नष्ट गरेको आरोप लागेका कुमार बेनमाथिको छानबिन र कारबाही गर्ने/नगर्ने सरकारको कुरा भएको रास्वपाका प्रवक्ता जगदीश खरेलले बताए । 'कारबाही गर्ने/नगर्ने, अथवा छानबिन गर्ने निकाय सरकार हो,' उनले भने, 'जब सम्माननीय प्रधानमन्त्रीअन्तर्गतकै निकाय, अथवा व्यक्ति, अथवा मनोनयन गरेका व्यक्ति उहाँहरूका सन्दर्भमा प्रश्न उठेपछि त्यसको जवाफ दिने कुरा सम्माननीय प्रधानमन्त्रीले दिनुहुन्छ, सरकारले दिन्छ, त्यो कुरामा पार्टीले विश्वास राखेको छ ।'

यो प्रकरणमा प्रधानमन्त्रीको सचिवालय र प्रहरीको समेत संलग्नता देखिएकाले राज्यका निकायमाथि नागरिकको विश्वास र भरोसा टुट्ने अनुसन्धान विज्ञहरू बताउँछन् । नेपाल प्रहरीमा हुँदै आएको राजनीतिक हस्तक्षेप बालेन सरकारका पालामा थप पेचिलो बन्दै गएको नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लले बताए । 'सत्तामा हुनेहरूले प्रहरी संगठनमाथि गरेको राजनीतिक हस्तक्षेपका कारण प्रहरीको अनुसन्धानमाथि नै प्रश्न उठ्ने गरेका थिए,' उनले भने, 'अहिलेको सत्ताबाट प्रहरी संगठन अझै थड्थिलो हुने अवस्थामा पुगेको देखिन्छ ।'

प्रहरीलाई राजनीतिक आदेशको भरमा चल्ने संगठन होइन, कानुन, व्यावसायिकता र संस्थागत मर्यादाको आधारमा सञ्चालन हुने संगठन बनाउनुपर्ने उनले बताए । 'प्रहरीलाई राजनीतिक आदेशको भरमा चल्ने संगठन होइन, कानुन, व्यावसायिकता र संस्थागत मर्यादाको आधारमा सञ्चालन हुने संगठन बनाउनुपर्छ,' उनले मध्यान्हसँग भने, 'प्रहरीमाथि निगरानी गर्ने निकाय पनि प्रहरी नै भएकाले जिम्मेवार, व्यावसायिक र सक्षम हुनुपर्छ ।' समयानुकूल प्रहरी संगठनलाई राज्यले व्यावसायिक दक्ष र सशक्त बनाउनुपर्ने मा राजनीतीकरणले प्रहरीप्रतिको विश्वास र क्षमतामाथि प्रश्न उठ्ने गरेको उनको दाबी छ । 'अपराध बदलिँदै छ, समाज बदलिँदै छ, प्रविधि बदलिँदै छ र नागरिकका अपेक्षा पनि बदलिँदै छन्,' मल्लले भने, 'यो अवस्थामा प्रहरीको सोच, कार्यशैली, कानुनी संरचना र व्यवस्थापन प्रणाली पनि सोही गतिमा बदलिएको छ कि छैन भन्ने गम्भीर समीक्षा आवश्यक छ ।'

काठमाडौं प्रहरीले भने अनुसन्धान प्रक्रिया जारी रहेकाले त्यसबाहेक केही भन्न नसकिने बताएको छ । प्रहरी अधिकृतहरूलाई समेत प्राप्त प्रमाण सार्वजनिक नगर्न प्रहरी परिसर काठमाडौंले आग्रह गरेको छ ।

पूर्वआइजीपी...

क्रममा शंकास्पद पात्रका रूपमा बताएका छन् ।

गालीको...

थियो । छोराको शवसँग सांसद पद साटेको आशयको टिप्पणी गरिएको भन्दै रचनाले उजुरी दिएकी थिइन् । यस विषयले संसद्मा समेत प्रवेश पाएको थियो ।

यी घटनाले सामाजिक सञ्जालमा व्यक्त हुने विचार र त्यसको प्रतिक्रियाबीचको सीमा कति साँघुरिँदै गएको छ भन्ने देखाउँछन् । कुनै विषयमा आफ्नो धारणा राख्नु, सार्वजनिक पदमा रहेका व्यक्तिको काममाथि प्रश्न उठाउनु वा सरकारको निर्णयको आलोचना गर्नु लोकतान्त्रिक अभ्यास हो । तर पछिल्लो समय विचारसँग असहमत हुनेभन्दा विचार राख्ने व्यक्तिलाई नै अपमानित गर्ने प्रवृत्ति बढ्दो छ ।

कसैले फरक धारणा राख्दा त्यसको तर्कपूर्ण जवाफ दिनुको सट्टा व्यक्तिगत चरित्रमाथि टिप्पणी गर्ने, अश्लील शब्द प्रयोग गर्ने र धम्की दिने क्रम बढेको छ । कतिपय अवस्थामा सामाजिक सञ्जालमा राखिएको मूल सामग्रीभन्दा त्यसमा आएका अपमानजनक प्रतिक्रियाले बढी ध्यान खिच्ने गरेका छन् ।

सामाजिक सञ्जालका प्लेटफर्ममा प्रतिक्रिया, सेयर, लाइक र अन्य अन्तरक्रियाले सामग्रीको पहुँच निर्धारण गर्न भूमिका खेल्छन् । नक्कली पहिचान, गोपनीयताको अनुभूति र तत्काल प्रतिक्रिया दिन सकिने सुविधाले प्रयोगकर्तामा जिम्मेवारीबोध कमजोर बनाउन सक्छ । अरूको अगाडि प्रत्यक्ष भन्न नसकिने कुरा स्क्रिनको पछाडि बसेर लेख्ने प्रवृत्ति बढेको छ ।

यस्तो दुर्व्यवहार सबैले सामना गर्न सक्छन् । तर महिला, पत्रकार, सामाजिक अभियन्ता र सार्वजनिक बहसमा सक्रिय व्यक्तिहरू बढी जोखिममा देखिन्छन् । विशेषगरी महिलाले राजनीतिक वा सामाजिक विषयमा धारणा राख्दा विचारको जवाफ दिनुको सट्टा पहिरन, रूप, चरित्र र पारिवारिक जीवनमाथि टिप्पणी गर्ने प्रवृत्ति समस्याका रूपमा देखिएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले पनि सामाजिक सञ्जालमार्फत महिलाको चरित्रहत्या गर्ने तथा निजी तस्बिर र भिडियो सार्वजनिक गर्ने जोकोहीलाई कारबाही गर्ने चेतावनी दिएका थिए । साइबर ब्युरोले सामाजिक सञ्जालको दुरुपयोगसम्बन्धी घटनाको अनुसन्धान र कारबाहीका लागि १० सदस्यीय अनुसन्धान टोली गठन गरेको छ ।

वरिष्ठ चिकित्सा मनोविद् डा. पशुपति महत सामाजिक सञ्जालमा फरक विचार राख्दा गालीगलौज हुनुका पछाडि मनोवैज्ञानिक सुरक्षा, प्रविधिको बनावट र समाजमा बढ्दो असहिष्णुता जिम्मेवार रहेको बताउँछन् । 'प्रत्यक्ष भेटमा भन्न नसकिने कुराहरू स्किनको पछाडि बसेर बिनाडर र संकोच लेख्न सकिने भएकाले यस्तो प्रवृत्ति बढेको हो,' उनी भन्छन्, 'पहिलो कारण मनोवैज्ञानिक हो । पहिचान लुकाउने सुविधा, नक्कली खाता वा स्क्रिनको पछाडि बस्दा आफूलाई कसैले चिन्दैन भन्ने भ्रम हुन्छ । प्रत्यक्ष आँखा जुधाएर बोल्नु नपर्ने भएकाले मानिसमा डर र लाज हराउँछ ।'

आफूसँग बलियो तर्क र तथ्य नहुँदा मानिसहरूले आफ्नो कमजोरी लुकाउन गालीको सहारा लिने गरेको डा. महतको विश्लेषण छ । कतिपयले व्यक्तिगत जीवनको तनाव र कुण्ठा पोख्ने माध्यमका रूपमा सामाजिक सञ्जाललाई प्रयोग गर्छन् । कतिपयले आफ्नो विचारलाई मात्र अन्तिम सत्य ठान्ने र फरक विचार सुन्दा अहंमा चोट पुगेपछि आक्रामक प्रतिक्रिया जनाउने गरेको उनी बताउँछन् ।

एक वर्षमा २० हजारभन्दा बढी उजुरी

सामाजिक सञ्जालमा विचार राख्ने, असहमति जनाउने र आलोचना गर्ने नाममा व्यक्तिको मानमर्दन गर्ने, अश्लील शब्द प्रयोग गरी गालीगलौज गर्ने, व्यक्तिगत जीवनमाथि आक्रमण गर्ने तथा चरित्रहत्या गर्ने प्रवृत्ति बढिरहेको छ । फेसबुक, टिकटक र इन्स्टाग्रामलगायत प्लेटफर्ममा व्यक्तिलाई लक्षित गरी अपमानजनक टिप्पणी गर्ने, निजी तस्बिर तथा भिडियो दुरुपयोग गर्ने र धम्की दिने घटना सार्वजनिक भइरहेका छन् । सामान्य नागरिकदेखि सार्वजनिक जीवनमा सक्रिय महिलासम्म यस्तो दुर्व्यवहारबाट प्रभावित छन् ।

नेपाल प्रहरीको साइबर ब्युरोमा दर्ता भएका उजुरीले पनि डिजिटल माध्यमबाट हुने दुर्व्यवहारको समस्या गम्भीर बन्दै गएको देखाउँछन् । आर्थिक वर्ष २०८२/८३ मा देशभर साइबर अपराधसम्बन्धी २० हजार ५२६ निवेदन दर्ता भएका छन् । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यस्तो निवेदनको संख्या १८ हजार ९२६ थियो । आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ७३० उजुरी दर्ता भएका थिए ।

आर्थिक वर्ष २०८१/८२ मा नेपाल प्रहरीको साइबर ब्युरोमा दर्ता भएका १८ हजार ९२६ उजुरीमध्ये ७ हजार ९२१ उजुरी महिलाले दिएका थिए । त्यस्तै, १ हजार ८०१ उजुरी बुलिङ तथा उत्पीडन, ४९५ घृणायुक्त अभिव्यक्ति, ८४ सेक्सटोर्सन अर्थात् यौन प्रकृतिका सामग्री सार्वजनिक गरिदिने धम्की दिएर गरिने दबाब तथा असुली र २७ उजुरी तस्बिर तोडमोड तथा डीपफेक शैलीको दुरुपयोगसँग सम्बन्धित थिए ।

यी तथ्यांकले डिजिटल दुर्व्यवहार गालीगलौजमा मात्र सीमित नरहेको देखाउँछन् । महिलाको व्यक्तिगत गोपनीयता भंग गर्ने, तस्बिर तथा भिडियो दुरुपयोग गर्ने, यौनिक धम्की दिने र सार्वजनिक रूपमा अपमानित गर्ने घटना पनि डिजिटल हिंसाका रूपमा देखिएका छन् ।

नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सामाजिक सञ्जाल तथा डिजिटल माध्यमको दुरुपयोगसम्बन्धी उजुरीमध्ये सबैभन्दा धेरै फेसबुक र म्यासेन्जरका छन् । फेसबुक तथा म्यासेन्जरको दुरुपयोगका ७ हजार १२३, टिकटकका ६ हजार ७७६, ह्वाट्सएपका ३ हजार १०५, टेलिग्रामका १ हजार ३१ र इन्स्टाग्रामका ६२८ उजुरी दर्ता भएका छन् । त्यस्तै, इमेलका ११४, युट्युबका ६४, इमोका ३८, भाइबरका २१, विच्याटका १४ तथा ट्विटर र गुगलका ११/११ उजुरी छन् । इसेवा, खल्ती, बैंक खाता तथा एसएमएससम्बन्धी ७४४ र संस्थासम्बन्धी ८४६ उजुरी दर्ता भएका छन् ।

साइबर ब्युरोका प्रवक्ता दीपकराज अवस्थीका अनुसार सामान्य नागरिकदेखि सामाजिक अभियन्ता र राजनीतिकर्मी सबै प्रकारका व्यक्ति उजुरी लिएर आउने गरेका छन् । 'गालीगलौज र बेइज्जतीका उजुरी लिएर ब्युरोमा आउने गर्नुहुन्छ,' उनी भन्छन्, 'पछिल्लो समय प्रतिष्ठित व्यक्तिहरू पनि आउने क्रम बढ्दो छ ।'

अलपत्रको...

इराक, कम्बोडियालगायत देशबाट शव ल्याउन हवाई भाडा, अस्पतालको खर्चदेखि शवगृहको शुल्क महँगो हुने गरेको छ । कमजोर आर्थिक अवस्थाका कारण आफन्तको शव उतै अन्त्येष्टि गर्न अनुमति दिन पीडित परिवार बाध्य छन् ।

सांसदहरूले बेचबिखनमा परेका नागरिकको उद्धार र मृत्यु भएका व्यक्तिको शव स्वदेश ल्याउने प्रक्रियामा सरकारी निकायबीच रहेको समन्वय अभाव पनि कानुनी रूपमा नै हटाउनुपर्नेमा जोड दिए । समन्वयअभावले कतिपय अवस्थामा सरकार नै नभएजस्तो देखिने भन्दै अध्यागमन, प्रहरी, मन्त्रालय र राहदानी विभाग, कन्सुलर विभाग र नेपाली राजदूतावासबीच समन्वय हुने गरी ऐन बनाउनुपर्नेमा सासदहरूले जोड दिए ।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले १४ साउन २०८३ मा प्रतिनिधिसभामा उक्त विधेयक दर्ता गरेकी थिइन् । विधेयकमा दण्ड सजायको दायरा फराकिलो बनाउने, बेचबिखनको उच्च जोखिममा रहेका तथा बेचबिखन तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्ने उद्देश्य छ ।

विधेयकमा २८ जना सांसदले १११ वटा लिखित संशोधन प्रस्ताव दर्ता गरेका छन् ।

गैरआवासीय...

सहभागिताका लागि युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादव र प्रतिनिधिसभा सदस्य तथा नेपाली कांग्रेस संसदीय दलकी प्रमुख सचेतक बासना थापा लगायतलाई औपचारिक निमन्त्रणा पत्र प्रदान गरेको गैरआवासीय नेपाली संघ मध्यपूर्व संयोजक रमेश श्रेष्ठले जानकारी दिए ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको हकहित, सुरक्षा, सामाजिक सुरक्षा कोषमा आबद्धता, श्रमिकका समस्या तथा गैरआवासीय नेपालीको सरोकारका विविध विषयमा नीतिगत बहस र संवाद गर्ने उद्देश्यले सम्मेलन आयोजना हुन लागेको हो । उच्चस्तरीय नेपाली अधिकारीहरूको उपस्थितिले सम्मेलनलाई थप उचाइ प्रदान गर्ने संयोजक श्रेष्ठले बताए ।

संघले सामाजिक सुरक्षा कोषका निर्देशक रोहित रेग्मी तथा कोषको टोलीसँग पनि भेटघाट तथा छलफल गरेको छ । उक्त भेटघाटमा संयोजक श्रेष्ठसँगै गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद् सचिवालयका सिइओ राजेन्द्रकुमार राउतको समेत उपस्थिति थियो ।

भेटका क्रममा सम्मेलनमा समावेश गरिएको सामाजिक सुरक्षा कोषसम्बन्धी विशेष सत्र, वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको सामाजिक सुरक्षा, कोषमा आबद्धता तथा यसबाट प्राप्त गर्न सकिने लाभ र सुविधाका विषयमा समेत विचारविमर्श भएको थियो । वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको सामाजिक सुरक्षा र भविष्यको सुनिश्चितताका लागि सामाजिक सुरक्षा कोषसँगको सहकार्यलाई थप प्रभावकारी बनाउँदै लैजाने विषयमा छलफल उपलब्धिमूलक रहेको पनि संयोजक श्रेष्ठले बताए ।

युएईमा रोजगार
कम्पनी: A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC
पूर्व स्वीकृत मितिः २०८३/०३/११ चलानी नं.: ६०२४०१२८ LT. No.:326211
शहर: DUBAI पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	ताविति बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners Female	0	72	सम्बन्धित कामना दक्ष	800	३२६७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaners Male	31	0		800	३२६७२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ९ गते (25 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा बस्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा मरेमा ज्यादै जीवित बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | सेलगाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | बि:शुल्क

वैदेशिक रोजगार विभागबाट जारीकर्ता :- १. आफ्नो नाममा बिना झन्झट अर्कैको विजिबाट भएपछि मात्र कम्पनीमा गई रजम बुझाउनु होला । २. कुनैपनि रकमको भौचर अनिवार्य लिनु होला । ३. आफू कार्यमा गई जाने भुक्तानी रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सबैमा राख्नु होला । आफू कार्यमा गई फर्कने मात्र होइन, आफ्नो हकहितको सुरक्षा गर्न पनि नेपाली कुटनैतिक नियोगको सम्पर्कमा रहनु होला । ४. विदेश जानु अगि अनिवार्यरुपमा गराउनुपर्ने तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अगि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब तथा सुविधा र अन्य जानकार राकेन्द्रित भई मात्र कम्पनीमा पठाउने हाम्रो प्रतिबद्धता रहेको छ । ६. कामना विदेश जाँदै नेपालकै विमास्थलमा प्रवेश गर्नु होला र यो को एक (१) प्रति आफ्नोमा राख्नु होला । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचालना सम्पर्क गर्नु होला ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
Support Human Resources Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६६१/०८३/०६४
Mid Baneshwor-31, Kathmandu, Nepal, Contact No : 01-4111126, 9707089500, 9802070434, 9802050422

युएईमा रोजगार
कम्पनी : GRAKO L.L.C.
पूर्व स्वीकृत मितिः २०८३/०३/२६ चलानी नं.: ६०२५८०५५ L.T. No.:344789
शहर : DUBAI पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	ताविति बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners	26	0	स. कामना दक्ष	1000	४०८४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ९ गते (25 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा बस्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा मरेमा ज्यादै जीवित बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | सेलगाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | बि:शुल्क

वैदेशिक रोजगार विभागबाट जारीकर्ता :- १. आफ्नो नाममा बिना झन्झट अर्कैको विजिबाट भएपछि मात्र कम्प

पशुपति गौशाला धर्मशाला पशुपतिमै फिर्ता
जिल्ला र उच्चको फैसला सर्वोच्चबाट सदर

मध्यान्ह संवाददाता
काठमाडौं, १ मंसिर



पशुपति गौशाला धर्मशालाको सम्पूर्ण स्वामीत्व पशुपति क्षेत्र विकास कोषमै फिर्ता हुने फैसला भएको छ । सर्वोच्च अदालतले मारवाडी सेवा समितिले भगवान पशुपतिनाथको जग्गा कब्जा गरेर व्यापार व्यवसाय सञ्चालन गर्दै आएका थिए । अदालतको उक्त आदेशसँगै पकशुपति गौशाला धर्मशालालाई खाली गराउने मार्ग प्रशस्त गरिदिएको छ ।

२०८३ वैशाख २१ गतेको उच्च अदालत पाटनको फैसला सदर गर्दै सर्वोच्च अदालतले २४ वर्षदेखि मारवाडी सेवा समितिले हडपेको सांविक पशुपति वडा नं. २ को कित्ता नम्बर ८३ को चार रोपनी १५ आना दुई दाम र कित्ता नम्बर ८५ को चार रोपनी १० आना जग्गामा समितिको मोही हक नलाग्ने ठहर गरेको हो । पाटन उच्च अदालतले पनि वैशाख २१ गते काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्दै यससँगै पशुपति गौशाला धर्मशालाको सम्पूर्ण स्वामीत्व पशुपति क्षेत्र विकास कोषमै फिर्ता हुने फैसला गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र शान्तिसिंह थापाको संयुक्त इजलासले 'मुद्दा दोहोऱ्याइ हेरी पाऊँ' भनि मारवाडी सेवा समितिले दायर गरेको रिटमा सुनुवाइ गर्दै 'उच्च अदालत पाटनबाट २०८३ वैशाख २१ गते भएको फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा १ को खण्ड क र ख को अवस्था विद्यमान नदेखिँदा मुद्दा दोहोऱ्याइ हेर्न अनुमति प्रदान गर्न मिलेन । कानूनबमोजिम गर्नू' भन्ने आदेश जारी गरेको छ ।

पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्यसचिव डा. मिलनकुमार थापाले भगवान पशुपतिनाथको स्वामीत्वमा रहेको पशुपति गौशाला धर्मशाला एक दशकको न्यायीक संघर्षपछि न्यायालयबाटै फिर्ता भएको बताए । डा. थापाले भगवानकै न्यायका पक्षमा फैसला आएको र अब धार्मिक र सामाजिक कार्यका लागि सरकारी निकायसँगै समन्वय गरेर गैरनाफामूलक ढंगले पशुपति गौशाला धर्मशाला सञ्चालन गर्न सकिने बताए । डा. थापाका अनुसार पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को २०८१ असोज २० गतेको निर्णय र असोज २२ गते कोष र काठमाडौं महानगरपालिकाबिच भएको सहमतिअनुसार पशुपति गौशाला धर्मशाला सञ्चालक तथा व्यवस्थापन प्रक्रिया अघि बढाएर भगवान पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनलाई सेवा दिन सकिने बताए ।

पत्रकार महासंघद्वारा चरणबद्ध आन्दोलनको घोषणा

काठमाडौं/मस– नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, पत्रकारको पेसागत सुरक्षा र श्रम अधिकारको सुनिश्चितताको माग गर्दै आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । महासंघले जारी गरेको विज्ञप्तिमार्फत विभिन्न घटनाक्रमप्रति असन्तुष्टि जनाउँदै चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो ।

समाचार कक्षमै पहरी पवेश गरी पत्रकारमाथि धरपकड गरिएको, प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने मनसायले प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास भएको तथा सञ्चारमाध्यममा अनधिकृत रूपमा गाडी तेर्स्याउनेलाई कारबाही नगरिएको महासंघको आरोप छ । त्यस्तै, गोरखापत्रलगायत सरकारी तथा निजी सञ्चारमाध्यमबाट



पत्रकारलाई जबर्जस्ती निष्कासन गरिएको, श्रम अधिकार उल्लंघन भएको र लोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले प्राप्त गर्ने रकम प्रेस काउन्सिल नेपालको सिफारिसअनुसार उपलब्ध नगराइएको विषयलाई पनि महासंघले आन्दोलनको कारण बनाएको छ ।

घोषित कार्यक्रमअनुसार मंसिर २ गते प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाइनेछ । मंसिर ५ गते संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रमुखलाई ध्यानाकर्षणपत्र पठाइनेछ । मंसिर ५ र ६ गते शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड) सँग छलफल गर्ने तथा मंसिर ७ गते सबै जिल्ला शाखाले सञ्चारसम्बद्ध संघसंस्थासँग छलफल गर्ने कार्यक्रम तय गरिएको छ ।

त्यसैगरी, मंसिर ९ गते महासंघका सबै जिल्ला शाखाको आयोजनामा जिल्ला प्रशासन कार्यालयमा 'पत्रकारलाई सामूहिक गिरफ्तार गर' भन्ने ब्यानरसहित भेला भएर विरोध प्रदर्शन गरिनेछ ।

महासंघले सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति अनुदार व्यवहार देखाएको आरोप लगाउँदै माग सम्बोधन नभए थप आन्दोलनका कार्यक्रम तय गर्ने जनाएको छ । महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा आन्दोलनलाई सफल बनाउन सम्बन्धित सबै पक्षलाई सहयोग गर्न आग्रह गरिएको छ ।

समयमै अनुदान उपलब्ध गराउन कोप-३१ मा नेपालको आग्रह

काठमाडौं/मस– नेपालले जलवायु परिवर्तनबाट हुने नोक्सानी र क्षति सम्बोधन गर्न पर्याप्त र पूर्वानुमान गर्न सकिने वित्तीय सहायता समयमै उपलब्ध गराउन आग्रह गरेको छ । नेपालले यस्तो सहायता अनुदानमा आधारित हुनुपर्ने र प्रभावित समुदायले सहजै पाउनुपर्नेमा जोड दिएको छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले कोप-३१ अन्तर्गत आयोजना गरेको नोक्सानी र क्षतिसम्बन्धी उच्चस्तरीय मन्त्रीस्तरीय संवादमा कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले हरितगृह ग्यास उत्सर्जनमा कम योगदान गर्ने मुलुक र समुदायले नै जलवायु परिवर्तनको गम्भीर असर भोगिरहेको बताइन् ।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको हिस्सा ०.१ प्रतिशतभन्दा कम रहेको उल्लेख गर्दै मन्त्री चौधरीले हिमनदी तीव्र गतिमा पग्लिने, हिमताल विस्फोटबाट बाढी आउने, पहिरो, खडेरी, वन डढेलो र अतिवृष्टिजस्ता घटनाले जनजीवन, जीविकोपार्जन, पूर्वाधार र पारिस्थितिक प्रणालीमा क्षति पुऱ्याइरहेको बताइन् । अनुकूलन, पूर्वतयारी र विपद् जोखिम न्यूनीकरणमा लगानी गर्दा पनि केही



असर रोक्न वा व्यवस्थापन गर्न कठिन रहेको उनको भनाइ थियो ।

मन्त्री चौधरीले सन् २०२६ को अगस्टमा आएको रसुवा-भोटेकोशी बाढीलाई उदाहरणका रूपमा प्रस्तुत गरिन् । उनले संवादमा प्रस्तुत गरेको प्रारम्भिक अनुमानअनुसार बाढीबाट करिब दुई अर्ब ७० करोड अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको छ । पुनरुत्थान र पुनर्निर्माणका लागि करिब चार अर्ब ८० करोड अमेरिकी डलर आवश्यक पर्ने उनले बताइन् ।

बाढीपछि नेपाललाई सहयोग उपलब्ध गराउने नोक्सानी तथा क्षतिसम्बन्धी प्रतिक्रिया कोषको सञ्चालक समितिको निर्णयको चौधरीले स्वागत गरिन् । उपलब्ध वित्तीय स्रोतको तुलनामा जलवायुजन्य क्षति सम्बोधन गर्न आवश्यक रकम धेरै रहेको उल्लेख गर्दै उनले कोषको सहयोग प्रभावित समुदायसम्म छिटो, न्यायोचित रूपमा र उनीहरूको आवश्यकताअनुसार पुऱ्याउन आग्रह गरिन् ।

चौधरीले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण, सगरमाथा संवाद-२०२५ र जलवायु सम्मेलनहरूमा नेपालको सहभागितालेे हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असरलाई अन्तर्राष्ट्रिय बहसमा ल्याउन सहयोग गरेको बताइन् ।

यूएनडीपी र अन्य विकास साझेदारको सहयोगमा नेपालले राष्ट्रिय जलवायु नीति, राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडीसी), हिमतालको जोखिम न्यूनीकरण, सबैका लागि पूर्वचेतावनी प्रणाली र विपद्पछिको पुनरुत्थानसम्बन्धी काम अघि बढाएको चौधरीले जानकारी दिइन् । जलवायु परिवर्तनबाट हुने नोक्सानी र क्षति सम्बोधन गर्न राष्ट्रिय रणनीति निर्माणको काम पनि अघि बढाइएको उनले बताइन् ।

काठमाडौंका सबै क्षेत्र चौबीसै घण्टा खुला गर्ने तयारी

काठमाडौं/मस– जिल्ला प्रशासन कार्यालय काठमाडौंले काठमाडौं जिल्लाका सबै क्षेत्र चौबिसै घण्टा खुला गर्ने तयारी अघि बढाएको छ । त्यसका लागि आवश्यक सुरक्षा व्यवस्था र पूर्वाधारको तयारी भइरहेको कार्यालयले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालयले अत्यन्त जरुरी सूचना जारी गर्दै काठमाडौंका सम्पूर्ण व्यापारिक तथा बजार क्षेत्रलाई चौबिसै घण्टा सञ्चालन गर्ने सम्बन्धमा रणनीतिक तयारी भइरहेको जानकारी दिएको हो ।

कार्यालयका अनुसार यसअघि नै दरबारमार्ग र ठमेलललगायत क्षेत्रलाई चौबिसै घण्टा खुला गर्ने निर्णय भई कार्यान्वयनमा रहेको छ । अब भने काठमाडौं जिल्लाका अन्य सम्पूर्ण क्षेत्रका व्यापार, व्यवसाय तथा बजार पनि चौबिसै घण्टा सञ्चालन गर्ने तयारी गरिएको हो ।

यसका लागि भरपर्दो सुरक्षा व्यवस्था, सडक यातायात, स्वास्थ्य सेवा, विद्युत, इन्टरनेट, सीसीटीभी



र सडक बत्तीको पर्याप्त व्यवस्था गर्नुपर्ने कार्यालयले जनाएको छ ।

त्यस्तै, स्थानीय तह, विभिन्न विभाग तथा कार्यालय, यातायात व्यवसायी र निजी क्षेत्रसँग समन्वय गरी छिट्टै बैठक आयोजना गरिने सूचनामा उल्लेख छ ।

व्यापक तयारी पूरा भएपछि मात्र काठमाडौंका सम्पूर्ण क्षेत्र चौबिसै घण्टा खुला गर्ने निर्णय गरिने कार्यालयले स्पष्ट पारेको छ ।


हाललाई भने दरबारमार्ग र ठमेलबाहेक अन्य क्षेत्रका व्यवसायीले अर्को सूचना जारी नभएसम्म साविककै तोकिएको समयअनुसार व्यापार व्यवसाय सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ । प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलद्वारा जारी सूचनामा सम्बन्धित सबै व्यवसायीलाई सोही व्यवस्थाअनुसार सञ्चालन हुन अनुरोध गरिएको छ ।

अर्घाखाँचीमा पहिलोपटक देखियो 'काँडेभ्याकुर'

अर्घाखाँची/मस– नेपालमा मात्र पाइने दुर्लभ चरा 'काँडेभ्याकुर' अर्घाखाँचीको शितगङ्गा नगरपालिकास्थित ठाडादह क्षेत्रमा पहिलोपटक अभिलेख गरिएको छ । जिल्लाको दक्षिणी क्षेत्रमा यो प्रजाति देखिनु जैविक विविधताको अध्ययन र अभिलेखीकरणका दृष्टिले महत्वपूर्ण मानिएको छ ।

डिभिजन वन कार्यालय अर्घाखाँचीका अनुसार यसअघि जिल्लाको दक्षिणी क्षेत्रमा काँडे भ्याकुर देखिएको अभिलेख थिएन । ठाडादहमा यसको उपस्थिति पुष्टि भएपछि जिल्लाको वन तथा प्राकृतिक बासस्थानमा पाइने चराको विविधताबारे थप जानकारी प्राप्त भएको छ ।

कार्यालयका सूचना अधिकारी केसर खड्काले नेपालबाहेक विश्वका अन्य कुनै पनि देशमा प्राकृतिक रूपमा नपाइने यो चरा ठाडादहमा देखिनु जिल्लाका लागि महत्वपूर्ण उपलब्धि भएको बताए । अंग्रेजीमा 'स्पाइनी ब्याब्लर' नामले



चिनिने काँडे भ्याकुरको वैज्ञानिक नाम 'एकान्थोप्टिला निपालेन्सिस' हो । यो नेपालको मौलिक जैविक सम्पदाका रूपमा परिचित छ ।

काँडे भ्याकुर सामान्यतया घना झाडी, वनका झाडीदार क्षेत्र तथा प्राकृतिक वनस्पतिले ढाकिएका स्थानमा बस्ने लजालु स्वभावको चरा हो । झाडीभित्र लुकेर बस्ने भएकाले यसलाई सहजै देख्न कठिन हुन्छ । त्यसैले नयाँ क्षेत्रमा यसको उपस्थिति अभिलेख हुनु पक्षी अध्ययन तथा जैविक विविधताको पहिचानका दृष्टिले महत्वपूर्ण मानिने सूचना अधिकारी खड्काले बताए ।

प्राकृतिक सुन्दरता र जैविक विविधताका दृष्टिले महत्वपूर्ण ठाडादह क्षेत्रमा यसको उपस्थिति देखिनुले यहाँको पर्यावरणीय महत्वसमेत उजागर गरेको छ । यस क्षेत्रका वन तथा प्राकृतिक बासस्थानमा अन्य प्रजातिका चरासमेत हुन सक्ने सम्भावना रहेको छ । सूचना अधिकारी खड्काले काँडे भ्याकुर जस्ता दुर्लभ चराको संरक्षणका लागि प्राकृतिक बासस्थान जोगाउनुपर्ने बताए । वन विनाश, झाडी तथा प्राकृतिक वनस्पतिको क्षयीकरण र मानवीय गतिविधिले यस्ता चराको बासस्थानमा असर पार्न सक्ने भएकाले संरक्षणमा ध्यान दिनुपर्ने उनको भनाइ छ । ठाडादहमा काँडे भ्याकुरको उपस्थिति अभिलेख हुनुले अर्घाखाँचीको जैविक विविधताको पहिचानसँगै पक्षी अवलोकन, अनुसन्धान तथा पर्यापर्यटनको सम्भावनासमेत उजागर गरेको छ ।

VACANCY ANNOUNCEMENT
यस स्थानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
☑ Public Relation Officer (PRO) - 10 (Male/Female) Salary - 25-40K
☑ Manager - 1 (Male) Salary - 50K
Requirements:-
★ Minimum 2 Years Experienced in Related Fields.
★ Priority will be given for Manpower Experienced.
YOUNG MANPOWER PVT. LTD.
P.O.Box : 26144, Battisputali-9, Kathmandu, Nepal,
Contact us at +977 985-1077886
Send Your CV at youngmanpower123@gmail.com

VACANCY ANNOUNCEMENT
Maria Health Center (Hospital) Pvt. Ltd. is required candidates having knowledge of following expertise.
Position: Doctor (Few)
Position: Acupuncturist (Few)
Requirements
- ENT, Urology, Gynecology, Anorectal/Proctology, or Acupuncture.
- Valid medical license / professional registration.
- Minimum 10-15 years of clinical experience preferred.
- Strong diagnostic ability and patient counseling skills.
- Only expert candidates can be apply.
- Selected candidates will be inform.

Deadline of submission of Application 15 days from the date of this advertisement.
Email: mariahospitalnepal@gmail.com

टेनेक्स हाइड्रो होल्डीङ्ग लिमिटेडको
आ.व २०८२/०८३ को वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३ मंसिर ०२ गते

आदरणीय शेयरधनी महानुभावहरू

यस कम्पनीको मिति २०८३/०७/३० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व २०८२/०८३ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारणसभा हुने मिति, स्थान र समय

मिति : २०८३/०८/२५ गते
स्थान : होटल भादगाँउ, भक्तपुर
समय : विहान ११:३० बजे ।

सामान्य प्रस्ताबहरु

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८२/०८३ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू पारित गर्ने सम्बन्धमा ।
३. संचालक समितिको तर्फबाट आर्थिक वर्ष २०८२/८३ भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को आन्तरिक लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

विशेष प्रस्ताबहरु

१. सर्वसाधारण समूहलाई प्राथमिक शेयर निष्काशन (IPO) सम्बन्धमा ।
२. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भए आवश्यकता अनुसार परिमार्जन संशोधन तथा सच्याउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।
३. विविध ।

साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनीले अनिवार्य रूपमा नागरिकताको प्रमाणपत्र वा आफ्नो फोटोसहित परिचय स्पष्ट खुल्ने आधिकारिक प्रमाणपत्र सहित साधारणसभामा भाग लिन अनुरोध छ ।
२. शेयरधनीको दस्तखतका लागि शेयरधनी उपस्थिति पुस्तिका दिनको १०.३० बजेबाट खुल्ला गरिनेछ ।
३. साधारणसभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहाने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।
४. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ ।
५. कुनै शेयरधनि महानुभावले छलफलका विषयहरु विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै सन्चालक समितिको अध्यक्ष समक्ष लिखित रुपमा प्रस्ताव पेश गर्नु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारणसभामा छलफल वा पारित गर्नका लागि समावेश गर्ने वा नगर्ने अधिकार सन्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।
६. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको Email– tenxhydroholding@gmail.com मा वा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय बानेश्वर-२१, काठमाडौं, फोन नं. ०१-५९२४२७९ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

सन्चालक समिति

कुवेतमा रोजगार कम्पनी: AL-RAED SECURITY CO. पूर्व स्वीकृत मितिः २०८२/०४/०८ चलानी नं.: ६०२४४४७१ शहर: KUWAIT L.T. No.: 335912 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1.	Security Guard	34	0	स. कामना दक्ष	125	६०,७११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	✓	✓	२ वर्ष

कम्पनी: IMPERIAL LOGISTICS CO. शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०१/३१ चलानी नं.: ६०२५५४३७ L.T. No.: 342075 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1.	Cleaners (Indoor)	100	50	स. कामना दक्ष	85	४१,२८३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	✓	✓	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ९ गते (25 November 2026) मा हुनेछ ।

SHARON MANPOWER SERVICES PVT.LTD.
Govt Lic. No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370922, 01-30, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, info@sharonmanpower.com
Saroj Gautam : 9851038901, Basant Rana : 9801026390

CYPRUS मा रोजगार IR.GCS General Cyrus Servics Ltd. Lic no.485
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८३/०३/१० चलानी नं. ६०२५७२६७ LT No. : 343962

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Employee	9	9	कामना दक्ष	700	११६,६०५।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	✓		२ वर्ष

अन्तरवार्ता २०८३ मंसिर ११ देखि १८ गते (27 Nov. to 4 Dec. 2026) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ ।
White Pearl Light Manpower Services Pvt. Ltd.
Lic. No. 1125/073/74
Samakhushi, Townplaning, Kathmandu, Tel: 01-4982823, 4965003
9823101689, 9801088506, Email : whitepearlmanpower@gmail.com

KUWAIT मा रोजगार Arkan Clean Company For Buildings Specialized Cleaning
पूर्व स्वीकृती मितिः २०८३/८/१ चलानी नं.६०२६३४६८ LT No.: 350505

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1	Cleaner Female (Indoor)	0	4	कामना दक्ष	100	४८,२१०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	✓		२ वर्ष

अन्तरवार्ता २०८३ मंसिर ९ गते (25 Nov., 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।
FOREVER HUMAN RESOURCE SOLUTION PVT. LTD. Govt. Lic: 1411/074/75
Tokha Road-10, Samakhushi, Ktm., Tel : 01 - 4953298, 4954685
9851140861, 9841313585, 9866668811

Kuwait मा रोजगार City Group Company
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८३/३/१७ चलानी नं. ६०२५७५५० LT# 344388

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Bus Drivers	27	0	कामना दक्ष	152	७३,३८०।-	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	✓		२ वर्ष
२.	Workshop Techinician	28	0		150	७२,३७०।-							

प्रि-अन्तरवार्ता २०८३ मंसिर १७ र १८ गते (3 & 4 Dec., 2026) हुनेछ । फाइनल अन्तरवार्ता २०८३ मंसिर १९ र २० गते (5 & 6 Dec., 2026) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।
बैभव ओभरसिज प्रा. लि. श्रम इजाजत नं.: ३७३/०७८/८०
आलोकनगर, तिनकुने (Premier कलेजको छेउमा), फोन : 01-४१०६२६४, ४१०६२६५
९७०७९३५१७६, ९७४५९४२०८७, ९८२३२५४८७७, E-mail : baibhav.ovs@gmail.com
Contact Person : 9745942087 (Chintan Libang)

हकदाबी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/११/२३ मा दर्ता भएको **दर्ता नं. ३८७०२** को **माता दक्षिणकाली रोडा, दुङ्गा तथा बालुवा उद्योग प्रा.लि.** को मिति २०८३/०८/०१ गतको विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजतपत्र नं. ४०४, फोन नं. ९८५१२१७००४

हकदाबी गर्न आउने बारे ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०९/१५ मा दर्ता भएको **दर्ता नं. २३१५७७** को **रस्टिक रुफ पब एण्ड लाउन्ज प्रा.लि.** को मिति २०८३/०८/०१ गतको विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
लिक्विडेटरः कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन : ९८४१८६१६३०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०६४/०४/०२ मा दर्ता भएको **प्रा.लि.नं. ४६८७१** को **नारायण एण्ड सन्स इन्टरनेशनल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

हकदाबी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०६/१७ मा दर्ता भएको **प्रा.लि. नं. ७६७५८** को **प्रसिद्धि ट्रड हाउस प्रा.लि.** को मिति २०८३/०८/०१ मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
लिक्विडेटरः सुनिल रजौरे, इजाजतपत्र नं. ३८९, फोन नं. ९८१८०९७८५५

हक दावी सम्बन्धी सूचना
यस कार्यालयमा मिति २०६३।०४।११ मा दर्ता भएको **कृएटिभ पेपर क्राफ्ट प्रा.लि.(प्रा.लि. नं. ४०६५१)** को नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

बेनमाथि छानबिन होस्

अपराध अनुसन्धानमा प्रमाणको सुरक्षालाई सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । अभियुक्तले प्रयोग गरेका मोबाइल, ल्यापटप वा अन्य विद्युतीय उपकरणमा अपराधसँग सम्बन्धित महत्त्वपूर्ण प्रमाण हुन सक्छन् । तिनको सुरक्षित संरक्षण, प्राविधिक परीक्षण र आवश्यकताअनुसार कानुनी प्रक्रियाबाट मात्रै प्रयोग गर्नु प्रहरीको जिम्मेवारी हो । तर अनुसन्धानका क्रममा रहेका यस्ता सामग्री प्रहरीको नियन्त्रणबाट बाहिर पुग्छन् र सत्तासँग जोडिएका व्यक्तिको हातमा देखिन्छन् भने त्यसले पक्कै पनि गम्भीर आशंका जन्माउँछ ।

इनम सापकोटा प्रकरणमा अहिले यही आशंका उब्जिएको छ । गम्भीर अपराध अनुसन्धानका क्रममा प्रहरीले नियन्त्रणमा लिएको सापकोटाको मोबाइल प्रधानमन्त्रीका मुख्य सल्लाहकार कुमार व्यञ्जनकार (बेन)को घरमा कसरी पुग्यो ? कसको आदेशमा प्रहरीको नियन्त्रणबाट बाहिरियो ? त्यसमा रहेका सूचना वा प्रमाण मेटाउने प्रयास भएको हो कि होइन ? यी प्रश्नको जवाफ सरकारले दिनुपर्छ । सार्वजनिक भएको भिडियो र फरेन्सिक विवरणले घटनाबारे थप गम्भीर छानबिन आवश्यक बनाएका छन् । तर आरोपलाई नै प्रमाण मानेर कसैलाई दोषी ठहर गर्नु पनि उचित हुँदैन ।

अनुसन्धानको सामग्री अनधिकृत रूपमा कसैको हातमा पुग्नु सामान्य प्रशासनिक त्रुटि होइन । त्यसले प्रमाण नष्ट हुने, अनुसन्धान प्रभावित हुने र दोषीलाई उन्मुक्ति मिल्ने जोखिम बढाउँछ । अझ त्यस्तो काममा प्रधानमन्त्रीकै सल्लाहकार, सचिवालयकै व्यक्ति वा प्रहरी अधिकारी संलग्न भएको आशंका उठेमा राज्यका निकायप्रतिको नागरिक विश्वास गुम्छ । त्यसैले यो प्रकरणलाई राजनीतिक आरोप-प्रत्यारोपभन्दा अनुसन्धानको वास्तविक यथार्थ खुलाइनुपर्छ ।

